सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

# आ.व. २०८१/०८२ को बैशाख देखि असार महिनासम्म सम्पादन गरिएको कार्यहरुको त्रैमासिक विवरण

## स्वत: प्रकाशन

## (Proactive Disclosures)




प्रदेश सरकार

**कर्णाली प्रदेश योजना आयोग**

**सुर्खेत**

**नेपालको संविधानको धारा २७ मा रहेको नागरिकको सूचनाको हकको भावना बमोजिम सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हकसम्बन्धी नियमावली, २०६४ मा प्रत्येक सार्वजनिक निकायले आफ्ना गतिविधिहरुको विवरण ३।३ महिनामा प्रकाशित गर्नु पर्ने कानूनी व्यवस्था छ। सोही बमोजिम यस आयोगबाट सम्पादन भएका २०८२ बैशाख देखि असार महिनासम्मको त्रैमासिक विवरण प्रकाशन गरिएको छ।**

**(क) परिचयः**

प्रदेशको दुरगामी सोच सहितको विकासको अवधारणा तयार गर्ने, उद्देश्य तथा लक्ष्य निर्धारण गर्ने, दीर्घकालीन र अल्पकालीन नीति, रणनीति तथा योजना तर्जुमा गर्ने र प्रदेश स्तरका महत्वपूर्ण नीति, कार्यक्रम र आयोजनाहरुको अनुगमन एंव मुल्याङ्कन गरी प्राप्त सूचनाहरुको अध्ययन एंव विश्लेषण गरी प्रदेश सरकारलाई आवश्यकता अनुसार सल्लाह, सुझाव र सहयोग प्रदान गर्ने विज्ञ समूहको रुपमा प्रदेश योजना आयोगको गठन गरिएको हो ।

**(ख) आयोगको स्वरुप र प्रकृतिः**

कर्णाली प्रदेश योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७५ अनुसार कर्णाली प्रदेश योजना आयोगको स्थापना भएको हो। उक्त आदेशले गरेको व्यवस्था अनुसार मुख्यमन्त्री आयोगको अध्यक्ष, प्रदेश सरकारबाट नियुक्त एक जना विज्ञ उपाध्यक्ष, प्रदेश सरकारबाट नियुक्त बढीमा दुई जना विज्ञ सदस्य, प्रमुख सचिव सदस्य र आर्थिक मामिला तथा योजना मन्त्रलयका सचिव सदस्य सचिव रहने व्यवस्था छ । आयोगको संगठनात्मक संरचना अनुसार सम्पूर्ण प्रशासनिक कार्यहरु संचालनका लागि प्रशासकीय प्रमुख सहित अन्य कर्मचारीहरु रहेका छन् ।

**(ग) काम, कर्तव्य र अधिकारः**

**कर्णाली प्रदेश योजना आयोगको काम, कर्तव्य र अधिकारः**

१. दीर्घकालीन सोच, तथ्यपरक नीति तथा योजना तर्जुमा सम्बन्धी कार्य :

- प्रदेशको समग्र समृद्धिका लागि दूरगामी सोच सहितको दीर्घकालीन लक्ष्य, मार्गचित्र, नीति तथा योजना तर्जुमा गर्ने,
- आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, पर्यावरणीय र सुशासनका क्षेत्रमा रणनीतिक प्रकृतिका आवधिक नीति तथा योजना तयार गर्ने,
- लाभ लागत लगायतका विविध विश्लेषणको आधारमा आयोजना बैंक (प्रोजेक्ट बैंक) निर्माण गर्ने,
- प्रादेशिक श्रोतको अनुमान, प्रक्षेपण र वितरण, आयोजनाको आर्थिक, सामाजिक वित्तीय, प्राविधिकर वातावरणीय विश्लेषणको लागि प्रादेशिक मापदण्ड तयार गर्ने, गराउने,
- अध्ययन, अनुसन्धान तथा तथ्यपरक नीति निर्माण प्रक्रियालाई अवलम्बन गरी विभिन्न क्षेत्रगत नीतिहरुको निर्माण तथा तिनको कार्यान्वयनको समन्वय र सहजीकरण गर्ने,
- अर्थतन्त्रका समष्टिगत क्षेत्रहरुमा अध्ययन गरी त्यस बमोजिमको नीति तथा योजनाहरुको तर्जुमा गर्ने गराउने,
- प्रादेशिक योजनाको अध्यावधिक विवरण खुल्ने स्थिति पत्र तयार गर्ने,
- योजनाको वार्षिक तथा आवधिक प्रतिवेदन तयार गर्ने ।

२. अनुगमन तथा मूल्याङ्कन सम्बन्धी कार्य :

- अनुगमन, मूल्याङ्कन मापदण्ड, कार्यविधि र ढाँचा बनाउने,
- कर्णाली प्रदेशको विकास सम्वन्धी नीति, योजना, कार्यक्रम तथा आयोजनाको कार्यान्वयनको अवस्था र प्रतिफल तथा प्रभावको प्रभावकारी अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास गर्ने तथा त्यसलाई प्रदेश सरकारका विभिन्न निकायहरुमा लागू गरी संस्थागत गराउने,
- मूल्याङ्कनका लागि आवश्यक मापदण्ड र प्रक्रिया निर्धारण गरी विषय क्षेत्रगत नीतिहरु र प्राथमिकता प्राप्त कार्यक्रम तथा आयोजनाहरुको प्रभाव मूल्याङ्कन गर्ने, गराउने र त्यसको आधारमा नीति तथा कार्यान्वयनको तहमा गर्नुपर्ने सुधारका सम्वन्धमा सुझाव दिने,
- अनुगमन तथा मूल्याङ्कनको विषयमा सहकारी, सार्वजनिक, स्वतन्त्र मूल्याङ्कनकर्ता तथा विषयगत पेशागत संघ संस्था, नागरिक समाज र विकासका साभेदार बिच सञ्जालको विकास र यस सम्वन्धी अनुभवको आदान प्रदान गरी विशेषज्ञताको विकास गर्ने गराउने ।

३. तहगत समन्वय सम्वन्धी कार्य :

- प्रदेश र स्थानीय तहको विकास सम्वन्धी नीति तथा योजना तर्जुमा र कार्यान्वयनमा समन्वय, सहयोग र सहजीकरण गर्ने ।

४. अध्ययन, अनुसन्धान तथा अन्वेषण सम्वन्धी कार्य :

- प्रादेशिक नीतिको सान्दर्भिकता वा विकास योजना तथा कार्यक्रमका विभिन्न पक्षको विषयमा स्वतन्त्र विज्ञ व्यक्ति, निकाय वा संस्थाबाट अन्तर्राष्ट्रिय, राष्ट्रिय स्तरको शोध तथा अनुसन्धान गर्ने गराउने र तत्सम्वन्धी प्रणालीको विकास गर्ने,
- प्राज्ञिक, सार्वजनिक, निजी क्षेत्र तथा गैरसकारी क्षेत्रको साझेदारीमा नीति तथा योजनाको विकास तथा कार्यान्वयनको क्षेत्रमा हुने अनुसन्धान तथा अध्ययनमा प्रोत्साहन तथा सहजीकरण गर्ने,
- आर्थिक विकास, सामाजिक विकास, भौतिक पूर्वाधार, जलश्रोत तथा उर्जा, प्राकृतिक श्रोत व्यवस्थापन र सुशासन तथा व्यवस्थापन लगायत विभिन्न विषयगत क्षेत्रको उत्पादन र व्यवसायको संरचना, ढाँचा तथा प्रविधिमा रुपान्तरण गर्नुपर्ने विषयका लागि तथ्यपरक नीति, सुझाव तथा प्रस्तावहरु सिफारिस गर्ने ।

५. लगानीका लागि आवश्यक समन्वय, परामर्श गरी लगानीको वातावरण तयार गर्ने ।

**(घ) आयोगमा कार्यरत कर्मचारी संख्या र कार्य विवरण :**

| सि.न. | कर्मचारीको पद | श्रेणी/तह | सेवा | समूह | पद सख्या | पदपुर्ति भएको सख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | प्रशासकीय प्रमुख | अधिकृतस्तर नवौं/दशौं | प्रशासन | सामान्य प्रशासन | १ | १ | |
| २. | अधिकृत | अधिकृतस्तर सातौं/आठौं | प्रशासन | सामान्य प्रशासन | २ | २ | |
| ३. | तथ्याङ्क अधिकृत | अधिकृतस्तर सातौं/आठौं | आर्थिक योजना तथा तथ्याङ्क | तथ्याङ्क | १ | १ | |
| ४. | सहायक/अधिकृत | सहायक पाँचौ/अधिकृत छैटौं | प्रशासन | सामान्य प्रशासन | २ | २ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५. | लेखा सहायक/अधिकृत | सहायक पाँचौ/अधिकृत छैटौं | प्रशासन | लेखा | १ | १ | |
| ६. | कम्प्युटर सहायक | सहायक पाँचौ/अधिकृत छैटौं | विविध | - | १ | १ | |
| ७. | सहायक | सहायक चौथो/पाँचौ | प्रशासन | सामान्य प्रशासन | १ | १ | |
| ८. | का.स. | श्रेणी विहिन | प्रशासन | सामान्य प्रशासन | २ | २ | |
| ९. | ह.स.चा | श्रेणी विहिन | | | ३ | ३ | |
| | जम्मा | | | | १४ | १४ | |

**कर्मचारी विवरण (कार्य विववरण सहित)**

| क्र.सं. | कर्मचारीको नाम, थर | दर्जा | मोवाईल नम्बर | सम्वन्धित शाखा |
|---|---|---|---|---|
| १ | श्री गोपाल के.सी. | प्रशासकीय प्रमुख | ९८५७८४५६०१ | |
| २ | श्री मितलेश कुमार यादव | शाखा अधिकृत | ९८६१८०३२३६ | नीति योजना तथा प्रशासन शाखा |
| ३ | श्री सुकलाल घर्ती | शाखा अधकृत | ९८६८९२८८२८ | अनुगमन तथा मुल्याङ्कन शाखा |
| ४ | श्री हरि बहादुर घर्ती | तथ्याङ्क अधिकृत | ९८४८१९१८०१ | सूचना तथा तथ्याङ्क शाखा |
| ५ | श्री तिलक प्रसाद सापकोटा | लेखा अधिकृत | ९८४८०४०४८५ | नीति योजना तथा प्रशासन शाखा |
| ६ | श्री सर्मिला थापा | प्रशासकीय अधिकृत | ९८५८०३०३३६ | नीति योजना तथा प्रशासन शाखा |
| ७ | श्री फणिन्द्र प्रसाद शर्मा पौडेल | प्रशासकीय अधिकृत | ९८५८०५३७२७ | अनुगमन तथा मुल्याङ्कन शाखा |
| ८ | श्री सुरज श्रेष्ठ | कम्प्युटर अपरेटर | ९८४८०४०१४३ | सूचना तथा तथ्याङ्क शाखा |
| ९ | श्री उपेन्द्र प्रसाद न्यौपाने | खरिदार | ९८४८११७०८९ | नीति योजना तथा प्रशासन शाखा |
| १० | श्री प्रकाश कुमार बुढा | ह.स.चा. | ९८५८०६६६२२ | |
| ११ | श्री मोहन कुमार थापा | ह.स.चा. | ९८१९५२६८३७ | |
| १२ | श्री राकेश चौधरी | ह.स.चा. | ९८६९९६८७९५ | |
| १३ | श्री उष बहादुर सिंह | का.स. | ९८६४७०९२०२ | |
| १४ | श्री निर्मल अधिकारी | का.स. | ९८६३१२८१३८ | |

**(ङ) आयोगबाट प्रदान गरिने सेवा :**

प्रदेश सरकारको प्रदेश योजना तर्जुमा, कार्यान्वयन, सहजीकरण, अनुगमन तथा मूल्याङ्कन गर्ने, नीतिको अनुसन्धान तथा विकास गर्ने, प्रदेशको आवधिक योजना तयार गर्ने, प्रदेश सरकारको नीति तथा कार्यक्रम तयार गर्न सहयोग गर्ने, प्रदेश सरकारको बजेटको श्रोत सुनिश्चित गर्ने, मध्यमकालीन खर्च संरचना तयार गर्ने लगायत अन्तरतह समन्वय गर्ने ।

(च) **शाखा र जिम्मेवार अधिकारी**

**१. नीति योजना तथा प्रशासन शाखा**

जिम्मेवार अधिकारी - शाखा अधिकृत श्री मितलेश कुमार यादव

**२. अनुगमन तथा मूल्याङ्कन शाखा**

जिम्मेवार अधिकारी - शाखा अधिकृत श्री सुकलाल घर्ती

**३. सूचना तथा तथ्याङ्क शाखा**

जिम्मेवार अधिकारी - तथ्याङ्क अधिकृत श्री हरि बहादुर घर्ती

(छ) **सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि :**

यस आयोगबाट प्रदान गरिने कुनै पनि सेवा वापत कुनै शुल्क लाग्ने छैन र सेवा प्रवाह सेवाको प्रकृति हेरी तुरुन्तै वा तोकिएको समयावधिमा हुनेछ ।


(ज) **निर्णय गर्ने प्रक्रिया र अधिकारी :**

नीतिगत निर्णायहरु आयोगको पूर्ण बैठक र आयोगको नियमित बैठकबाट, प्रशासनिक निर्णय सदस्य सचिवस्तरीय निर्णयबाट वा कार्यालय प्रमुखस्तरीय निर्णयबाट हुने र निर्णय गर्ने अधिकारी प्रशासनिक निर्णयको हकमा सदस्य सचिव वा कार्यालय प्रमुख हुने ।

(झ) **निर्णय उपर उजुरी सुन्ने अधिकारी : प्रशासकीय प्रमुख**

(ञ) **त्रैमासिक कार्य सम्पादन विवरण (बैशाख देखि असारसम्म):**

- कर्णाली प्रदेश सरकारको आयोजनाको प्रस्ताव तथा छनोट प्रक्रिया सम्बन्धी कार्यविधि, २०८१ बमोजिम र आयोगले निर्माण गरेको कर्णाली प्रदेश आयोजना बैङ्क व्यवस्थापन सूचना प्रणाली सम्बन्धी मापदण्ड अनुसार कर्णाली प्रदेश आयोजना बैंक व्यवस्थापन सूचना प्रणाली निर्माण गरी आयोजनाहरु प्रविष्टि कार्य सम्पन्न गरिएको।



- कर्णाली प्रदेश सरकारले सञ्चालन गर्ने कर्णाली प्रदेश आयोजना बैंक व्यवस्थापन सूचना प्रणाली प्रभावकारी सञ्चालनका लागि विज्ञहरुबाट मिति २०८२।०१।१७ गते एक दिने अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिएको। साथै कर्णाली प्रदेश योजना आयोगबाट प्रणाली सञ्चालनका लागि निर्माण गरिएको आयोजना बैङ्क (कार्य सञ्चालन तथा व्यवस्थापन) सम्बन्धी मापदण्ड, २०८१ को बारेमा समेत अभिमुखीकरण गरिएको।




- कर्णाली प्रदेश आयोजना बैङ्क (कार्यसञ्चालन तथा व्यवस्थापन) मापदण्ड, २०८१ को दफा १० को उपदफा (१) मा व्यवस्था भएको आयोजनाको परीक्षण तथा सिफारिस उप-समिति र सोही मापदण्डको दफा ११ को उपदफा (१) मा व्यवस्था भएको निर्देशक समितिको विभिन्न मितिमा बैठक बसी कर्णाली प्रदेशको आयोजनाको प्रस्ताव तथा छनोट प्रक्रिया सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८१ को दफा ९ को उपदफा (४) को उल्लिखित समयसीमा २०८२।०२।०७ गतेभित्र आयोजनाहरु सूची तयार गरी सम्बन्धित मन्त्रालयहरुमा पठाइएको।




❖ कर्णाली प्रदेश सरकारका माननीय मुख्यमन्त्रीज्यूको अध्यक्षतामा विकासका लागि विधायक कार्यक्रम अन्तर्गत कर्णाली प्रदेशसभाका माननीय सदस्यज्यूहरुसँग दोस्रो आवधिक योजना तथा बजेट सम्बन्धी कार्यक्रम मिति २०८२।०२।१७ गते सञ्चालन गरिएको।



❖ कर्णाली प्रदेशको दोस्रो पञ्चवर्षीय योजना (२०८१/०८२-२०८५/०८६) को पुस्तक प्रकाशन भई कर्णाली प्रदेशका माननीय मुख्यमन्त्रीज्यूबाट उक्त पुस्तक विमोचन गरिएको।



❖ आर्थिक वर्ष २०८२।८३ देखि २०८४।८५ सम्मको मध्यमकालीन खर्च संरचना (MTEF) लाई थप व्यवस्थित र प्रविधिमैत्री बनाउन यस आयोगद्वारा मध्यकालीन खर्च संरचना व्यवस्थापन सूचना प्रणाली (MTEF MIS) निर्माण गरी सञ्चालनमा ल्याइएको।








❖ यस आयोगद्वारा निर्माण गरिएको मध्यकालीन खर्च संरचना व्यवस्थापन सूचना प्रणाली (MTEF MIS) को प्रभावकारी सञ्चालनको लागि कर्णाली प्रदेशका विषयगत मन्त्रालय र निकायहरुका मध्यमकालीन खर्च संरचना निर्माणको लागि तोकिएका Focal Person हरुलाई मिति २०८२।०२।२० गते अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको।

❖ मिति २०८२।०२।२९ गते कर्णाली प्रदेश योजना आयोगका माननीय उपाध्यक्षज्यूको अध्यक्षतामा प्रदेश स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको बैठक सम्पन्न भएको।



❖ कर्णाली प्रदेशको आर्थिक वर्ष २०८२/०८३ देखि २०८४/०८५ सम्मको मध्यमकालीन खर्च संरचना (MTEF) पुस्तक तयार गरी प्रकाशन गरिएको।




❖ अन्तरप्रदेश सिकाई आदान प्रदान कार्यक्रम अन्तर्गत मिति २०८२।०३।०९ गते गण्डकी प्रदेश नीति तथा योजना आयोगसँग र मिति २०८२।०३।१० गते लुम्बिनी प्रदेश योजना आयोगसँग अनुभव आदानप्रदान कार्यक्रम सम्पन्न भएको।



❖ प्रदेश स्थित मन्त्रालय तथा निकायका योजना तथा वजेट महाशाखा प्रमुख तथा मध्यमकालिन खर्च संरचना फोकल पर्सन र तथ्याङ्क अधिकृतका लागि आवधिक योजना, आयोजना बैंक, मध्यमकालीन खर्च संरचना (MTEF) र बजेट सूचना प्रणाली (PLMBIS) बीचको अन्तरआवद्धता विषयक मिति २०८२।०३।१२ र १३ गते दुई दिने कार्यशाला सञ्चालन गरिएको।



❖ कर्णाली प्रदेशका विषयगत मन्त्रालय, सम्बन्धित निकायहरू तथा विकास साझेदारहरूबीच समन्वय तथा सहकार्य सुदृढ गर्दै दिगो विकास लक्ष्य (SDGs) को प्रभावकारी कार्यान्वयनलाई प्रवर्द्धन गर्ने उद्देश्यले मिति २०८२।०३।१३ गते एक दिने कार्यशाला कार्यक्रम सञ्चालन गरिएको।



❖ बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत मिति २०८२।०३।०८ देखि २३ गतेसम्म सुर्खेत जिल्लाको बराहताल गाउँपालिका वडा नं ६, गुर्भाकोट नगरपालिकाको वडा नं ७, सिम्ता गाउँपालिकाको वडा नं ६, दैलेख जिल्लाको गुराँस गाउँपालिका वडा नं ४, दुल्लु नगरपालिका वडा नं ४, कालिकोट जिल्लाको रास्कोट नगरपालिका वडा नं ६, सल्यान जिल्लाको छत्रेश्वरी गाउँपालिका वडा नं ३ र दार्मा गाउँपालिका वडा नं ३ गरी चारवटा जिल्लाहरुको ८ वटा वडाहरुमा बहुक्षेत्रीय पोषण तेस्रो सम्बन्धी वडा स्तरीय अभिमूखीकरण कार्यक्रम सञ्चालन भएको।




❖ कर्णाली प्रदेश योजना आयोगमा कर्णाली प्रदेश योजना आयोगका माननीय उपाध्यक्षज्यूको अध्यक्षता मिति २०८२।०३।२० गते प्रदेश विकास समस्या समाधान उप-समितिको बैठक सञ्चालन भएको।



- ❖ कर्णाली प्रदेशका माननीय मुख्यमन्त्रीज्यूको अध्यक्षतामा मिति २०८२।०३।२१ गते प्रदेश विकास समस्या समाधान समितिको बैठक सञ्चालन भएको।




- ❖ कर्णाली प्रदेशद्वारा निर्माण गरिएका नीतिहरु मध्ये श्रम तथा रोजगार प्रवर्द्धन नीति, २०७५ र स्वास्थ्य नीति, २०७६ को नीति समिक्षाको मसौदामाथि मिति २०८२।०३।२२ गते छलफल कार्यक्रम सञ्चालन भएको।



**(ट) सूचना अधिकारी र प्रमुखको नाम र पद :**

सूचना अधिकारी : तथ्याङ्क अधिकृत श्री हरि बहादुर घर्ती
सम्पर्क नं. ९८५८०२१६७६
ईमेल : info.kppc@karnali.gov.np

कार्यालय प्रमुख : प्रशासकीय प्रमुख श्री गोपाल के.सी.

सम्पर्क नं. ९८५७८४५६०१

ईमेल : gopalkc2072@gmail.com

कार्यालयको वेवसाईट : www.kppc.karnali.gov.np

कार्यालयको ईमेल : kppc@karnali.gov.np, ppckarnali@gmail.com

कर्णाली प्रदेश आयोजना बैङ्क व्यवस्थापन सूचना प्रणाली : karnali.ppbmis.gov.np

कर्णाली प्रदेश मध्यमकालीन खर्च संरचना व्यवस्थापन सूचना प्रणाली : karnali.mtef.gov.np

कार्यालयको सम्पर्क नं : ०८३-५२१६७६

**(ठ) ऐन, नियम, विनियम वा निर्देशिकाको सूची :**

- कर्णाली प्रदेश योजना आयोग गठन तथा कार्य संचालन आदेश २०७५
- कर्णाली प्रदेश योजना तर्जुमा मागदर्शन, २०७५
- कर्णाली प्रदेश अनुगमन तथा मूल्याङ्कन निर्देशिका, २०७५
- कर्णाली प्रदेश बहुवर्षीय ठेक्का बन्दोबस्त सम्वन्धी निर्देशिका, २०७७
- आयोजना सूचना व्यवस्थापन प्रणाली सञ्चालन निर्देशिका, २०७९
- आयोजनाको प्रस्ताव तथा छनोट प्रक्रिया सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८१
- कर्णाली प्रदेश आयोजना बैङ्क (कार्य सञ्चालन तथा व्यवस्थापन) मापदण्ड, २०८१

**(ड) आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण :**

**२०८२ असार सम्मको खर्चको फाँटवारी**

**चालु तर्फ :**

| बजेट उपशीर्षक | विनियोजित अन्तिम बजेट कुल जम्मा (रु. हजारमा) | असार मसान्तसम्मको खर्च (रु. हजारमा) | बाँकी रहेको बजेट (रु. हजारमा) | असार मसान्तसम्मको खर्चको प्रतिशत (%) |
|---|---|---|---|---|
| ३९१०००११३ | ३९४२५ | २५५७९ | १३८४६ | ६४.८८ |

**पुँजीगत तर्फ :**

| बजेट उपशीर्षक | विनियोजित अन्तिम बजेट कुल जम्मा (रु. हजारमा) | असार मसान्तसम्मको खर्च (रु. हजारमा) | बाँकी रहेको बजेट (रु. हजारमा) | असार मसान्तसम्मको खर्चको प्रतिशत (%) |
|---|---|---|---|---|
| ३९१०००११४ | १००० | ८३७ | १६३ | ८३.७० |
| ३९१००९०१३ | १५७५ | ७८१ | ७९४ | ४९.५८ |

**आ.व. २०८१/०८२ को असारसम्मको आन्तरिक राजस्व : नभएको ।**